# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक १८२ | काठमाडौं | बिहीबार, १७ कात्तिक २०७९ | Prabhab National Daily | Thursday, November 3, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रु. ५।-


## सरकारलाई आयोगको सातबुँदे निर्देशन



■ प्रभाव संवाददाता

**काठमाडौं-** निर्वाचन आयोगले आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय, भयरहित तथा मितव्ययीरूपमा सम्पन्न गर्न/गराउन तीनै तहको सरकारलाई सातबुँदे निर्देशन दिएको छ ।

> संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहका सम्बन्धित निकायमा निर्देशन दिन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सातबुँदे निर्देशन दिइएको हो : **प्रवक्ता पौडेल**

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार आयोगले संघीय, प्रदेश र स्थानीय तहका सम्बन्धित निकायमा निर्देशन दिन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सातबुँदे निर्देशन दिएको हो ।

निर्देशनमा प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनमा यातायातको सहज पहुँचका लागि यातायात व्यवस्थालाई नियमित र भरपर्दो बनाई जिल्ला सदरमुकामस्थित मुख्य निर्वाचन अधिकृतको कार्यालय तथा निर्वाचन अधिकृतको कार्यालय रहने स्थानसम्मको आवागमनलाई निर्वाधरूपमा सञ्चालन गर्ने व्यवस्था गर्नुपर्ने उल्लेख छ ।

साथै, तोकिएको मतदानस्थल र मतदान केन्द्रहरूसम्म पुग्ने सडक तथा अन्य भौतिक पूर्वाधारसमेत सरकार तथा प्रदेश सरकारका सम्बद्ध निकाय एवं स्थानीय तहबाट प्राथमिकताका साथ आवश्यक मर्मतसम्भार गरी गराई सञ्चालनको अवस्थामा राख्ने व्यवस्था गर्न निर्देशन दिइएको छ ।

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनसँग सम्बन्धित महत्त्वपूर्ण सूचना तथा जानकारी आयोगको वेबसाइट एवं आयोगको आधिकारिक सामाजिक सञ्जालबाट प्राप्त गरी सरकार, प्रदेश सरकार र स्थानीय तह वा सोअन्तर्गतका सम्पूर्ण निकाय, सार्वजनिक संस्थान, विकास समिति, बोर्ड, आयोग, कोष, प्रतिष्ठान, प्राधिकरण तथा शैक्षिक संस्थाका कार्यालय र कार्यालय परिसरभित्रका सबै डिजिटल डिस्प्ले सूचना पाटीमा आमसर्वसाधारणले देख्न र पढ्न सक्नेगरी डिस्प्ले गर्ने व्यवस्था गर्नुपर्ने पनि निर्देशनमा समेटिएको छ । (**बाँकी पृष्ठ ५ मा**)

चुनावी महासंग्राम

# उम्मेदवार र दल १५ दिन जनतासँग




**बुधबार निर्वाचन आयोगमा आयोजित पत्रकार सम्मेलन ।** *तस्विरः रासस*

■ प्रभाव संवाददाता

**काठमाडौं-** आगामी मंसिरमा हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा सहभागी हुने राजनीतिक दल र उम्मेदवारहरू आजदेखि दोस्रो चरणको चुनावी प्रचारप्रसारमा होमिँदै छन् । निर्वाचन आयोगले आजदेखि खुला गरेको दोस्रो चरणको चुनाव प्रचारप्रसार अवधि १ मंसिरसम्म चल्नेछ ।

अबको १५ दिन दल तथा उम्मेदवारहरूले मतदातासमक्ष आफ्नो एजेण्डा पुऱ्याउन आमसभा, कोणसभादेखि जुलुससम्म गर्न पाउने छन् । सञ्चारमाध्यममार्फत पनि मत माग्न सकिने आयोगले जनाएको छ । तर, यस अवधिमा दल र उम्मेदवारहरूले निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचारसंहिताको पूर्णपालना गर्नुपर्नेछ ।

अघिल्लो संसद्को सबैभन्दा ठूलो दल नेकपा एमालेले सुदूरपश्चिम प्रदेशको दार्चुलाबाट चुनावी अभियान थाल्ने भएको छ । अभियान सुरु गर्न पार्टी अध्यक्ष केपी शर्मा ओली आज बेलुकी धनगढी जाने भएका छन् । 'पहिल्यै दार्चुलाबाट पार्टीको चुनावी अभियान थाल्ने भनेका थियौं । त्यसअनुसार उहाँ बिहीबार बेलुकी धनगढी जानुहुन्छ । त्यसपछि दार्चुला जानुहुन्छ । त्यहाँबाट पार्टीको चुनावी अभियान देशभर सुरु हुन्छ,' ओलीका प्रेस संयोजक रामशरण बजगाईंले प्रभाव लाई बताए ।

> आजदेखि अगामी १ मंसिरसम्म दल र उम्मेदवारहरूले मतदातासमक्ष आफ्नो एजेण्डा पुऱ्याउन आमसभा, कोणसभादेखि जुलुससम्म गर्न पाउने छन् । सञ्चार माध्यममार्फत मत माग्न पनि आयोगले छूट दिएको छ ।

राष्ट्रवादको नारा लगाउने गरी एमालेले त्रिदेशीय (नेपाल, चीन र भारत) नाकासमेत रहेको दार्चुलालाई चुनावी अभियानको प्रारम्भस्थलको रूपमा छानेको हो । दार्चुलामा ओली हेलिकप्टरबाट जाने छन् । हेलिकप्टर प्रयोग गर्न ओलीलाई आयोगले स्वीकृतिसमेत दिइसकेको छ ।

बजगाईंका अनुसार सदरमुकाम खलङ्गामा शुक्रबार बिहान ११ बजे आमसभालाई सम्बोधन गरेर चुनावी अभियान थालनी भएको घोषणा ओलीले गर्ने छन् । ओली प्रधानमन्त्री भएको बेला दार्चुलामा पर्ने लिम्पियाधुरासहित कालापानी र लिपुलेक समेटिएको नेपालको नयाँ राजनीतिक तथा प्रशासनिक नक्सा जारी भएको थियो । यी भूभाग भने हाल भारतकै नियन्त्रणमा छ । भारतद्वारा अतिक्रमित भूमि नेपालले प्राप्त गरेको छैन । त्यसका लागि ठोस पहल न ओलीले आफैंले गरे न त वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवाले नै । तर, यही सवाललाई चुनावी मुद्दा बनाउँदै राष्ट्रवादी पार्टी एमाले भएको सन्देश दिन दार्चुलाबाट अभियान थाल्न लागेको विश्लेषकहरूको बुझाइ छ ।

सत्ता नेतृत्वकर्ता नेपाली कांग्रेसले पनि चुनाव केन्द्रित कार्यक्रम तय गरिसकेको छ । उक्त दलका नेता, कार्यकर्ता तथा उम्मेदवारहरू चुनावी अभियानमै व्यस्त छन् । कांग्रेस सभापति तथा प्रधानमन्त्री शेरबहादुर देउवा पनि चुनावी अभियानमा लागेका छन् । प्रमुख स्वकीय सचिव भानु देउवाले आजदेखि नै सभापति देउवा आफ्नो निर्वाचन क्षेत्र डडेलधुरामा सक्रिय हुने बताए । यसका लागि सभापति देउवा बुधबार नै धनगढी पुगेका छन् । 'डडेलधुरा पुगेर उहाँ पार्टीका नेता कार्यकर्तासँग भेटघाट गर्ने र मतदातालाई भेट्ने, मत माग्ने गर्नुहुन्छ र ठाउँठाउँमा आयोजना गरिने कार्यक्रमलाई सम्बोधन गर्नुहुनेछ,' स्वकीय सचिव देउवाले भने ।

चार दिन लामो चुनावी कार्यक्रममा सहभागी हुन देउवाले निर्वाचन आयोगसँग अनुमति लिइसकेका छन् । उनले आज बिहीबार स्थानीय तहहरू नवदुर्गा र गन्यापधुरा, शुक्रबार अजयमेरु र भागेश्वर तथा शनिबार आलिताल र परशुराममा आयोजित चुनावी कार्यक्रमलाई सम्बोधन गर्ने छन् । देउवा प्रतिनिधिसभा निर्वाचनमा डडेलधुराबाट सत्ता गठबन्धनको उम्मेदवारसमेत हुन् । उनी सातौं पटक डडेलधुरबाट चुनिएर संसद् आउने प्रयासमा छन् ।

कांग्रसले यसअघि २२ दिने चुनावी अभियान सम्पन्न गरेको थियो । केन्द्रीय नेताहरूलाई खटाएर २ भदौदेखि २४ भदौसम्म कांग्रेसले देशभर चुनावी अभियान सम्पन्न गरेको हो ।

अर्को सत्तारूढ दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले आज गठबन्धन आबद्ध दलहरूका गोरखा-काठमाडौं सम्पर्क समितिमा आबद्ध नेता कार्यकर्ताहरूलाई प्रशिक्षण दिने छन् । यसअघि गत मंगलबार उनले काठमाडौंमा पार्टीको गोरखा-काठमाडौं सम्पर्क (**बाँकी पृष्ठ ५ मा**)

### 'आचारसंहिता पालना अनिवार्य'

**काठमाडौं (प्रस)-** प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचन आचारसंहिताको पालना गर्न दल र उम्मेदवारलाई आग्रह गरेका छन् । निर्वाचनको निष्ठालाई जोगाउन पनि आचारसंहिता पालना गर्नु अनिवार्य रहेको उनले बताए । निर्वाचन आचारसंहिता कार्यान्वयन तथा अनुगमनका लागि आयोगले विभिन्न संयन्त्रहरू परिचालन गरिरहेको उनले जानकारी दिए ।

प्रमुख आयुक्त थपलियाका अनुसार बुधबारसम्म आयोगमा परेका उजुरीमध्ये ७१ व्यक्ति, संस्था तथा उम्मेदवारहरूलाई स्पष्टीकरण सोधिएको र जवाफ अध्ययन गर्नेसँगै तथ्य जुटाउन आयोगले परिचालन गरेका संयन्त्रहरू सक्रिय रहेका छन् । 'पहिलो स्पष्टीकरणमा चित्त नबुझेमा दोस्रो स्पष्टीकरण सोध्ने र उल्लंघनको प्रमाण तथा अवस्था हेरेर सचेत, दण्ड जरिवाना तथा उम्मेदवारी खारेजीसम्मको निर्णयमा जानुपर्ने हुन्छ,' बुधबार आयोगमा आयोजित पत्रकार सम्मेलनमा प्रमुख अयुक्त थपलियाले भने, ' हालसम्म आएका स्पष्टीकरणबारे हामी यही कात्तिक २५ गतेभित्रै निर्णयमा पुग्नेछौं ।'

उनले नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपाले चुनाव बिथोल्ने चेतावनी दिएपछि आयोगले सम्बद्ध निकायसँग छलफल थालेको पनि बताए ।

सन्दर्भ : वैदेशिक रोजगार

# दलका घोषणापत्रमा नछुटेको 'वैदेशिक रोजगार'

■ प्रभाव संवाददाता

**काठमाडौं-** ठूला राजनीतिक दलहरूले सार्वजनिक गरेका चुनावी घोषणापत्रमा वैदेशिक रोजगारीको विषयलाई महत्त्वकासाथ उठाएका छन् । नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), नेकपा एकीकृत समाजवादी पार्टीलगायतले आ-आफ्नो घोषणापत्रमा वैदेशिक रोजगारीको विषयलाई छुटाएका छैनन् ।

प्रायः सबै दलको घोषणापत्रमा लोभलाग्दो रूपमा आन्तरिक रोजगारी सिर्जना गर्ने महत्त्वाकांक्षा प्रकट भए पनि अन्ततः 'वैदेशिक रोजगारी' वेरोजगार युवाहरूलाई व्यवस्थापन गर्ने हतियार भएको छ । मुलुकमा न्यून रोजगारी भएको तथा बाध्यात्मक परिस्थिति भन्दै दलहरूले वैदेशिक रोजगारीलाई नै विकल्पको रूपमा व्याख्या गरेका छन् । यसभन्दा अघि निर्वाचनमा वैदेशिक रोजगारीको विषयमा खासै महत्त्व नदिएको र स्वदेशमा नै रोजगारी दिने नारा उठाइरहेको नेकपा माओवादी केन्द्रले यसपटक महत्त्वकासाथ घोषणापत्रमा समावेस गरेको छ । माओवादीले वैदेशिक रोजगारीको सम्बन्धमा झण्डै सबै दलहरूलाई उछिनेर एकद्वार नीति लागू गर्दै नेपाली युवाहरूलाई विदेश पठाउने उल्लेख गरेको छ ।

साथै, वैदेशिक रोजगारीमा रहेका नेपालीहरूको समस्या सम्बोधनका लागि उच्चस्तरीय संयन्त्र खडा गर्ने र त्यसलाई वैदेशिक रोजगारमा आइपर्ने समस्या समाधान गर्न आवश्यक पर्ने नीति, योजना र कार्यक्रम तर्जुमा तथा कार्यान्वयनको जिम्मेवारी दिने माओवादीले जनाएको छ । उसले वैदेशिक रोजगारीमा रहेका नेपालीहरूबाट प्राप्त रेमिटचान्सलाई राष्ट्रिय महत्त्वको आयोजनामा प्रयोग गर्ने लोभ पालेको छ । अधिकार सम्पन्न राष्ट्रिय रोजगार प्राधिकरणको स्थापना गरी राष्ट्रिय गौरवका आयोजना, उत्पादनमा आधारित कृषि परियोजना, पर्यटन र औद्योगिक प्रतिष्ठानहरूमा १० लाख युवाहरूलाई रोजगारी दिने महत्त्वकांक्षा पाले पनि यसका लागि कुनै प्रतिबद्धता व्यक्त गरेको छैन । छोटो माध्यमबाट आगामी पाँच वर्षभित्र २० लाख युवाहरूलाई रोजगार र स्वरोजगार बनाउने बताए पनि स्पष्ट खाका प्रस्तुत गर्न सकेको छैन ।

वैदेशिक रोजगारको सवालमा माओवादी मात्र होइन एमाले, कांग्रेस, राप्रपा र एकीकृत समाजवादीको पनि अवस्था उस्तै छ । एमालेले वैदेशिक रोजगारीलाई बाध्यात्मक परिस्थिति भन्दै वैकल्पिक लाभको रूपमा व्याख्या गरेको छ । 'मर्यादित श्रम र सुरक्षित रोजगारी'को नारा बोकेको एमालेले स्वदेशमा नै रोजगारी सिर्जना गर्ने सक्ने आधार पस्किन सकेको छैन । उसले वैदेशिक रोजगारीलाई निरन्तर दिने र प्राप्त रेमिटचान्सलाई उपयोग गर्ने नीति लिएको छ ।

> वैदेशिक रोजगारीमा युवाहरूलाई पठायो, आनन्द । युवाहरू विदेश गएकै छन्, रेमिटचान्स आएकै छ, देश चलेकै छ, यो भन्दा सजिलो राजनीतिक दललाई अरू के चाहियो ?

नेपाली कांग्रेसले पनि घोषणापत्रमा स्वदेशमा रोजगारी सिर्जना गर्ने विषयलाई औपचारिता मात्रै देखाएको छ । उसले आगामी पाँच वर्षभित्र साढे १२ लाख नेपालीलाई रोजागरी दिने लक्ष्य राखे पनि वैदेशिक रोजगारीलाई नै प्राथमिकता दिएको छ । कांग्रेसले रोजगारीका सम्भावना बोकेका क्षेत्रहरूको पहिचान गरे पनि कसरी रोजगारी सिर्जना गराउन सकिन्छ भन्नेमा मौन देखिन्छ । वार्षिक दुई लाख ५० हजार नयाँ रोजगारी सिर्जना गर्ने संकल्प गरेको कांग्रेसले वैदेशिक रोजगारलाई सुरक्षित, सम्मानजनक र व्यवस्थित बनाउन विदेशस्थित कूटनीतिक नियोगलाई थप प्रभावकारीरूपमा परिचालन गर्ने घोषणा गरेको छ । वैदेशिक रोजगारीबाट प्राप्त रेमिटचान्सलाई रेमिट परियोजनाको रूपमा उपयोग गर्ने कांग्रेसको रणनीति रहेको छ । सत्तारुढ तथा ठूलो दल भएर पनि कांग्रेसले स्वदेशमै रोजगारी दिने ग्यारेण्टी गर्न नसकी वैदेशिक रोजगारीलाई बाध्यात्मक परिस्थितिको रूपमा परिभाषित गरेको छ ।

यस्तै नेकपा एसले पनि वैदेशिक रोजगारीलाई घोषणापत्रमा छुटाएको छैन । आफ्नै गाउँ सहरमा रोजगारी र स्वरोजगारीका अवसरहरू सिर्जना गर्ने कुरालाई उच्च प्राथमिकतामा राख्ने बताउँदै केन्द्र, प्रदेश र स्थानीय तहमा 'दक्ष श्रमशक्ति आपूर्ति केन्द्र' स्थापना गरी वैदेशिक रोजगारीलाई सुरक्षित एवं मर्यादित र भरपर्दो बनाउन आवश्यक संयन्त्र निर्माण गर्ने जनाएको छ । नेकपा एसले पनि विदेशबाट कमाएर ल्याएको पैसालाई उत्पादनशिल काममा लगाउन विशेष नीति बनाउने उल्लेख गरेको छ ।

राप्रपाले पनि आफ्नो घोषणापत्रमा वैदेशिक रोजगारीलाई विशेष महत्त्व दिएको छ । स्वदेशमा नै पूर्ण रोजगारीको वातावरण नबनेसम्म वैदेशिक रोजगारीलाई नै निरन्तरता दिने उल्लेख गरेको छ । यसका लागि सातै प्रदेशमा वैदेशिक रोजगारीमा जानेहरूलाई तालिम, सीप विकास, सहुलियतपूर्ण ऋण र जीवन बिमाको व्यवस्था गर्ने प्रतिबद्धता जनाएको छ । रेमिटचान्सका सम्बन्धमा भने राप्रपा मौन देखिएको छ ।

**"भोट माग्ने मेलो मात्रै"**

दीर्घकालीन सोच भएका राजनीतिक दल र नेता नभएका कारण सबैका घोषणापत्रमा वैदेशिक रोजगारीको विषयलाई प्राथमिकता दिएको आप्रवासन तथा श्रमविज्ञ डा. गणेश गुरुङको बुझाइ छ । 'यो, ऊ भन्ने छैन, ६५ वर्षदेखि राजनीतिक दलहरूले स्वदेशमै रोजगारी सिर्जना गर्ने भन्दै आइरहेका छन्,' उनले भने, 'यति लामो समयमा केही गर्न नसकेका दलहरूले स्वदेशमा रोजगारी दिन्छौं भन्दा विश्वास गर्ने ठाउँ छैन र अहिले सक्ने अवस्था पनि छैन ।'

बेरोजगार युवाहरूलाई वैदेशिक रोजगारीको बाटो देखाउनु सजिलो माध्यम भएको भन्दै डा. गुरुङले ६० प्रतिशत घरधुरीका मान्छे वैदेशिक रोजगारीमा गएका कारण उनीहरूको परिवारको चासोको विषय बन्ने र आसन्न निर्वाचनमा भोट माग्ने मेलोको रूपमा बुझ्नुपर्ने बताए । राजनीतिक दलले ल्याएको पाँच वर्षे योजना दिर्घकालीन हितका लागि नहुने उनको भनाइ छ । वैदेशिक रोजगारीमा युवाहरूलाई पठायो, आनन्द,' डा. गुरुङले भने, 'युवाहरू विदेश गएकै छन्, रेमिटचान्स आएकै छ, देश चलेकै छ, यो भन्दा सजिलो राजनीतिक दललाई अरू के चाहियो ?'




# काठमाडौं महानगरमा वडास्तरीय महिला सञ्जाल

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले वडास्तरीय महिला सञ्जाल गठन गरेको छ । बुधबार महानगरअन्तर्गत वडाहरूका महिला सदस्य, दलित महिला सदस्य र हिंसा व्यवस्थापनका लागि काम गर्ने सरोकारवाला कार्यालयका प्रतिनिधिसहितको भेलामार्फत सञ्जाल गठन गरिएको हो ।

वडाका महिला सदस्य संयोजक रहने सञ्जालको सदस्यसचिवमा वडासचिव रहने छन् । महानगरले हिंसा, शोषण, दमन भेदभाव तथा अन्य कारणले अन्यायमा परेका महानगरमा बस्ने महिलाहरूमा छिटो न्यायको पहुँच पुर्‍याउन महिला सञ्जाल गठन गरिएको महानगरका प्रमुख प्रशासकीय अधिकृत वसन्त अधिकारीले जानकारी दिए । 'लैंगिक उत्तरदायी स्थानीय सरकारको लक्ष्य पूरा गर्न महानगरपालिकाले सञ्जाल गठन गरेको हो । महानगरले सामाजिक समावेशीकरणलाई प्राथमिकतामा राखेर काम गर्नेछ,' उनले भने ।

काठमाडौं महानगरपालिका महिला सञ्जाल सञ्चालन कार्यविधि २०७९ बमोजिम संयोजकले तीन जना सदस्य छनोट गर्न सक्ने व्यवस्था छ । महिला हिंसाविरुद्ध वडा तहमा क्रियाशील संस्थाका प्रतिनिधिमध्ये दुई जना र महिला अधिकारको क्षेत्रमा काम गर्ने मेलमिलापकर्ता, कानुन व्यवसायी, समाजसेवी वा पत्रकारमध्येबाट एक जना गरी तीन जना छनोट गर्ने अधिकार संयोजकलाई दिइएको छ । दलित महिला सदस्य र नजिकको प्रहरी कार्यालयका सम्भव भएसम्म महिला प्रतिनिधि समितिको सदस्य रहने छन् । समितिलाई आगामी सात दिनभित्र पूर्णता दिन उपप्रमुख सुनिता डंगोलले आग्रह गरिन् ।

नेपाल प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक निर्देशनालयका निर्देशक कृष्णहरि शर्माका अनुसार गएको साउन, भदौ र असोज ३ महिनामा काठमाडौं जिल्लाभित्र ५५९ वटा महिला हिंसासम्बन्धी उजुरी परेका छन् ।

महिलामाथि हुने अपराधका लागि स्थानीय सरकारबाट भएको यो प्रयास प्रशंसनीय रहेको उनले बताए । 'नेपाल प्रहरीले पनि महिला सेलबाट यस्तै प्रकारको काम गरिरहेको छ । महानगरले बनाएको यो संयन्त्र र प्रहरीसँग भएको संयन्त्रलाई मिसाएर काम गर्नुपर्छ,' उनले भने, 'हाम्रो चाहना भनेको महिलामाथि अपराध नहोस् । कुनै कारणले भइहाल्यो भने छिटै न्याय प्राप्त होस् भन्ने हो ।'

समितिले हिंसापीडित तथा प्रभावितबाट उजुरी वा निवेदन लिएर वडास्तरबाट कानुनबमोजिम गर्न सकिने अधिकतम काम गर्ने जनाएको छ । पीडितलाई कानुनी र मनोवैज्ञानिक परामर्श उपलब्ध गराउने र तत्काल आवश्यक पर्ने स्वास्थ्य सेवा तथा उपचार, राहत र आर्थिक सहयोग उपलब्ध गराउनेछ । यसका लागि निःशुल्क स्वेच्छिक कानुनी सेवा उपलब्ध गराउन संघसंस्थाहरूसँग समन्वय र सहजीकरण गर्ने महानगरले जनाएको छ । समितिले गरेका काम कारबाहीको उपप्रमुखबाट अनुगमन र सुपरीवेक्षण हुनेछ ।



**'वडास्तरमा महिला सञ्जाल बनाउने काठमाडौं पहिलो'**

काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाहले वडास्तरमा महिला सञ्जाल गठन गर्ने काठमाडौं महानगर पहिलो स्थानीय तह बनेको भन्दै खुसी व्यक्त गरेका छन् । वडास्तरीय महिला सञ्जाल गठन गर्न बुधबार आयोजित भेलालाई सम्बोधन गर्दै उनले स्थानीय सरकार सवल भए प्रहरीमा पर्ने गरेका लैंगिक विषयसँग सम्बन्धित उजुरीको संख्या कम हुने बताए ।

'हाम्रो घोषणापत्रमा यो विषय उल्लेख थियो । त्यो काम आजबाट कार्यान्वयनमा आएको छ । लैंगिक हिंसा व्यवस्थापन गर्न वडास्तरमा महिला सञ्जाल भएको काठमाडौं पहिलो पालिका भएको छ, यो खुसीको कुरा हो,' प्रमुख शाहले भने ।

प्रहरीको तथ्यांकमा महिला हिंसाका उजुरी काठमाडौंमा धेरै देखिने उल्लेख गर्दै उनले हिंसा सहनुहुन्न भन्ने सचेतना भएका कारण उजुरी गर्नेको संख्या धेरै हुनसक्ने बताए ।

यस प्रकारका समस्या वडास्तरमै समाधान गर्न सके प्रहरीमा दर्ता हुने उजुरीको संख्यामा कमी आउने उनको भनाइ छ । 'यसका लागि सञ्जालको भूमिका ठूलो हुनेछ । तर, जघन्य अपराधलाई मेलमिलाप गराउने वा त्यही समाधान गर्न खोज्नुचाहिँ ठीक हुँदैन,' प्रमुख शाहले भने ।

भेलाको अध्यक्षता गरेकी उपप्रमुख सुनिता डंगोलले न्याय वितरण प्रणालीलाई वडास्तरमा छिटो, सहज र सहज बनाउने संस्थागत संयन्त्र निर्माण भएको भन्दै खुसी व्यक्त गरिन् । 'यो सञ्जाल निर्माणले महिलालाई नेतृत्वदायी ठाउँमा लगेको छ ।

यसअघि महिला सदस्यहरूले काम गर्न पाएनौं भन्ने गुनासो गर्नुपरेको थियो । त्यो गुनासोलाई सञ्जाल गठनले सम्बोधन गरेको छ,' उनले भनिन् । विवाद समाधानका लागि मेलमिलापलाई पहिलो प्राथमिकतामा राख्नुपर्ने उनको भनाइ थियो ।

कार्यक्रमका वक्ताहरूले महिला हिंसाभन्दा माथि उठेर लैंगिक हिंसा निवारणका लागि काम गर्नुपर्नेमा जोड दिएका थिए । हिंसा जुनसुकै लिंगमा पनि हुनसक्ने भन्दै सबै खालका हिंसामुक्त समाज निर्माणमा सबैबाट योगदानको खाँचोरहेको उनीहरूको भनाइ थियो ।

# निर्वाचन प्रचारमा सरकारी साधन प्रयोग गर्न रोक

**काठमाडौं–** नेपाल सरकार वा प्रदेश सरकारका मन्त्री वा स्थानीय कार्यपालिकाका पदाधिकारीले निर्वाचन प्रचारप्रसारमा संलग्न हुँदा सरकारी स्रोत र साधनको प्रयोग गर्न निर्वाचन (पहिलो संशोधन) आचारसंहिता, २०७९ ले रोक लगाएको छ । आगामी मंसिर ४ गते सम्पन्न हुने प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय ढंगले सम्पन्न गराउन निर्वाचन आयोगबाट जारी आचारसंहिताको दफा ५ को खण्ड (क) ले नेपाल सरकार, प्रदेश सरकार तथा नेपाल सरकार वा प्रदेश सरकारका मन्त्री र स्थानीय कार्यपालिका तथा सोका पदाधिकारीले निर्वाचन प्रचारप्रसारका क्रममा पालना गर्नुपर्ने आचरणको व्यवस्था गरेको छ ।

संशोधित आचारसंहिताबमोजिम निर्वाचनमा आफैं उम्मेदवार भएका मन्त्रीले आफू उम्मेदवार भएको क्षेत्रमा निर्वाचन प्रचारप्रसारमा संलग्न हुन सक्ने छन् । त्यसरी प्रचारप्रसार गर्दा सरकारी साधन स्रोतको प्रयोग गर्न भने आचारसंहिताले रोक लगाइएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताए ।

ती व्यवस्थाको पालना गर्न तथा गर्न लगाउन निर्वाचन आयोगले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत सरकारका मन्त्रीहरूलाई तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत प्रदेश सरकारका मन्त्रीलाई निर्देशन दिइसकेको छ । आचारसंहितामा नेपाल सरकारका मन्त्रीले आयोगको सहमति लिई त्यसरी सहमति लिएको स्थानमा सम्बन्धित राजनीतिक दलको निर्वाचन प्रचारप्रसारको काममा संलग्न हुन र प्रदेश सरकारका मन्त्रीले प्रदेश निर्वाचन कार्यालयमार्फत वा सोझै आयोगको सहमति लिई त्यसरी सहमति लिएको सम्बन्धित प्रदेशभित्रको स्थानमा सम्बन्धित राजनीतिक दलको निर्वाचन प्रचारप्रसारको काममा संलग्न हुनसक्ने व्यवस्था रहेको छ ।

स्थानीय कार्यपालिकाका पदाधिकारीले आफू बहाल रहेको स्थानीय तह बाहेक अन्य स्थानीय तहमा सम्बन्धित राजनीतिक दलको निर्वाचन प्रचारप्रसारको काममा संलग्न हुन सक्ने छन् । *रासस*

# 'भोलिको सहर' जोखिममुक्त बनाउन जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–**भोलि बन्ने सहर जोखिम न्यून क्षेत्रका रूपमा स्थापित गर्न सरोकार भएका निकायको ध्यान जानुपर्नेमा जोड दिइएको छ । त्रिभुवन विश्वविद्यालय इञ्जिनियरिङ अध्ययन संस्थान, त्रिवि केन्द्रीय भूगोल विभाग, भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल (एनसेट), 'साउथएसिया इन्ष्टिच्युट अफ एड्भान्स्ड स्टडिज' (एसआइएएस), 'प्राक्टिकल एक्सन साउथ एसिया अफिस' लगायत संस्थाले यस विषयमा अध्ययन गरिरहेको जनाइएको छ ।

यस विषयमा नेपालमा जस्तै विश्वका अन्य १० सहरमा अध्ययन भइरहेको इञ्जिनियरिङ अध्ययन संस्थानकी प्राध्यापक संगीता सिंहले जानकारी दिइन् । नेपालमा ललितपुर महानगरपालिका वडा नं २१ स्थित ऐतिहासिक एवं सांस्कृतिक सहर खोकनाको अध्ययन सम्पन्न गरिएको छ । अनुसन्धानरत समूहले खोकनाको भू-उपयोग नक्सासमेत तयार पारेको 'भोलिको सहर' विषयमा जारी कार्यशाला गोष्ठीमा उनले जानकारी दिइन् ।

खोकनामा सन् २०१९ देखि अनुसन्धान गरिएको थियो । अध्ययनले खोकनालाई कृषियोग्य भूमिको संरक्षण गर्दै हरियालीयुक्त सांस्कृतिक सहरका रूपमा विकास गर्न सकिने निष्कर्ष निकालेको प्रा. सिंहले बताइन् । नयाँ बन्न लागेका सहरलाई भूकम्प, बाढी, पहिरोजस्ता विपद्बाट जोखिममुक्त बनाउने सम्बन्धमा अध्ययन गर्दा सम्भव रहेको निष्कर्ष निस्केको छ ।

वि.सं. २०७८ को जनगणनाको प्रारम्भिक परिणामअनुसार सहरी क्षेत्रमा बसोबास गर्ने जनसंख्या ६६.८ प्रतिशत पुगेको छ । सहरी जनसंख्या बढे पनि सरकारले घोषणा गरेका नगरपालिका सहरजस्तो नभएको अध्ययन समूहको निष्कर्ष छ । नगरपालिका घोषणा गर्दा धेरै वटा गाउँलाई जोडेर जनसंख्या पुर्‍याउने तर जनघनत्वका बारेमा ध्यान नदिने गरेको अध्ययन समूहको भनाइ छ ।

सहरी क्षेत्रमा भूकम्प, बाढी, पहिरोजस्ता सम्भावित जोखिमको पनि अध्ययन गरेर योजना निर्माण गरिनुपर्नेमा सरोकार भएका निकायको ध्यानाकर्षण गराइएको छ । एसआइएएसका अध्यक्ष डा.नेत्रप्रसाद तिमल्सिना दिगो विकास लक्ष्यको दिगो सहरीकरणलाई समेटेर अनुसन्धान गरी जोखिममुक्त नगर बनाउन सहयोग गरिएको बताउँछन् ।

यो अध्ययन प्रतिवेदनलाई सरकारी संस्थाले कार्यान्वयन गर्नुपर्नेछ । यसका लागि सहरी विकास मन्त्रालयका सहसचिव पद्मकुमार मैनालीको संयोजकत्वमा समिति गठन गरिएको जानकारी पनि कार्यक्रममा गराइएको छ ।


## अनलाइन पत्रिका बन्द हुने सूचना

**यस** khabarside.com **नामक अनलाइन पत्रिका पछि कुनै दायित्व बाँकी नरहने गरी बन्द गर्न लागिएको हुँदा तत् सम्बन्धमा कोही कसैको केही लेनदेन बाँकी बक्यौता भएमा सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा सम्पर्क गरी हिसाब मिलान गर्नहुन अनुरोध गर्दछौं ।**

www.khabarside.com, **परिवार**



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४/१०/०५ मा दर्ता भएको **प्रा.लि. नं. १८१८२६** को **लुम्बिनी ई.सि.डि. ट्रेनिङ्ग सेन्टर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०७/१६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७९/०७/१७

यस कम्पनीको मिति २०७९/०६/१२ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **शुभदीप पब्लिक स्कुल प्रा.लि. (प्रा.लि. नं. ४९९८५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०७/१५ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **युलेन्स स्कुल काठमाडौं प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



**Government of Sudurpashchim Province (GoSP)**
**Directorate of Livestock and Fisheries Development,**
Dipayal, Doti, Sudurpachim Province

## INVITATION FOR BIDS

**Date of Publication: 03 November 2022**
***Invitation for Bids No: DOLFD/GOODS/2079-80/02***

1. Directorate of Livestock and Fisheries Development, Dipayal, Doti, Sudurpachim Province invites electronic bids from eligible bidders for the procurement of ***following items*** under National competitive bidding–Single Stage Single Envelope procedures specified in public procurementact and regulations **.**

| Descriptions | Quantity | Minimum Bid security amount |
|---|---|---|
| Supply, Delivery and Installation of Dairy Equipment (Milk Chilling Vat, Homogenizer, Cream Separator, Ice Cream Machine, Ghee Kettle) | 1 Set | NRs.1,90,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Directorate of Livestock and Fisheries Development, Dipayal, Doti, Sudurpachim Province, ***Email: dolfddoti@gmail.com***, Phone no. +977-094-440146 or may visit PPMO ***eGP system www.bolpatra.gov.np/egp.***
3. Electronic Bidding document is available online and can be downloaded on or before 4 December 2022 for e-submission from PPMO's e-GP system ***www.bolpatra.gov.np/egp.*** Bidders have to download the necessary part of bidding documents, prepare and submit their bids as specified in Instruction to Bidders. The bidder shall be required to deposit the non-refundable fee of **NRs. 3000.00** In the Revenue (Rajaswa) account as specified below and electronic scanned copy (pdf format) of Bank Deposit voucher shall also be submitted along with the electronic bid files.
***Name of the Bank: RastriyaBanijya Bank, Silgadhi, Doti***
***Name of Office: Directorate of Livestock and Fishery Development, Sudurpashchim Province, Dipayal – Doti***
***Deposit Account no.: 4100100202020000***
***Office Code No: 3120271017***
***Revenue Head no.: 14229***
4. Electronic bids must be submitted through PPMO's e-GP system ***www.bolpatra.gov.np/egp*** on or before ***12:00 PM*** on 4 December 2022. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***01:00 PM*** on 4 December 2022 at the office of Directorate of Livestock and Fisheries Development, Dipayal, Doti, Sudurpachim Province. Bids must be valid for a period of ***90 days*** from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. ***1,90,000.00***, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
7. Bids should comply in all respects with the Instruction of Bidder included in the Bid Document. Non compliance with this instruction will result in disqualification.
8. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

# ‘जनताले कांग्रेस नेतृत्वकै सरकार चाहेको छ’

■ प्रभाव संवाददाता




**पोखरा–** नेपाली कांग्रेसका प्रवक्ता एवं चुनाव प्रचारप्रसार समितिका संयोजक डा प्रकाशशरण महतले संविधानको रक्षा र राजनीतिक स्थायित्वका लागि पाँच दलीय गठबन्धन अगाडि बढेको बताएका छन् ।

नेपाल प्रेस युनियन कास्कीद्वारा आयोजित पत्रकार सम्मेलनमा उनले पाँच दलीय गठबन्धन राजनीतिक आवश्यकता भएको बताए ।

उनले संविधानको रक्षा, मानव अधिकार, व्यक्ति स्वतन्त्रता र लोकतन्त्रको संरक्षण कांग्रेसले मात्र गर्न सक्ने बताए । उनले निर्वाचनमा पाँच दलीय गठबन्धनको स्पष्ट बहुमत आउने दाबी गरे ।

उनले एक्लै चुनाव लडेर भन्दा गठबन्धनबाट लड्दा धेरै सिट जित्न सकिने भएकै कारण निर्वाचनमा पाँच दलीय गठबन्धन रोज्नु परेको बताए ।

उनले कांग्रेस सरकारमा भएकै समयमा विद्यालय, कलेज, सडक, विद्युत्, अस्पताल र एयरलायन्स व्यापक मात्रामा विस्तार भएको बताए ।

नेता महतले अब कांग्रेस गाउँका सडक बाह्रैमहिना सञ्चालन गर्ने योजनाका साथ अगाडि बढेको बताए । नेता महतले राजनीतिक दल मात्र नभई नेपाली जनतालेसमेत कांग्रेस नेतृत्वकै सरकारको चाहना राखेको बताए ।

नेता महतले अघिल्लो सरकारले फुस्रा आश्वासन मात्र दिएर काम केही नगरेको आरोप लगाए । उनले कोभिडको समयमा कमिसनको चक्करमा भ्याक्सिन छिटो नल्याएको बताए । पछिल्ला दिनमा अन्य पार्टीभन्दा कांग्रेस नै ठिक भनेर जनता कांग्रेसप्रति आकर्षित भएको उनको भनाइ थियो ।

देशैभरि पाँच दलीय गठबन्धनका उम्मेदवार उठेका र यो वा त्यो पार्टी नभनी ती उम्मेदवारलाई जिताउन सक्रिय रूपमा लाग्न कांग्रेसका नेता तथा कार्यकर्तालाई उनले आग्रह गरे ।

डा महतले प्राप्त उपलब्धिको रक्षा गर्दै यही संविधानलाई टेकेर समयको माग अनुसार संविधान संशोधन गर्ने कांग्रेसको लक्ष्य रहेको जानकारी पनि दिए ।

नेपाली कांग्रेसकी केन्द्रीय सदस्य डीला सङ्ग्रौलाले निर्वाचनमा एक भोटले पनि ठूलो महत्व राख्ने हुँदा आगामी मंसिर ४ गते सम्पन्न हुने निर्वाचनमा सक्रिय सहभागिता जनाउन सबैसँग आग्रह गरिन् ।

# मतदाता रिझाउँदै उम्मेदवार

**बैतडी–** आगामी मंसिर ४ गते हुने प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचनको मिति नजिकिएसँगै बैतडीका राजनीतिक दलले घरदैलो अभियानलाई तीव्रता दिएका छन् । विभिन्न राजनीतिक दल र स्वतन्त्रबाट उम्मेदवार बनेकाहरू मतदाताको घरदैलोमै पुगेर मत मागिरहेका छन् । उम्मेदवार विभिन्न आश्वासन दिँदै मतदातालाई रिझाउनमा व्यस्त छन् । चुनावी प्रचारमा जुटेका उम्मेदवारसहित दलका नेता, कार्यकर्ता घरदैलो तथा गाउँघरमा देखिन थालेका छन् । मतदाताका माग र उनीहरूको समस्या बुझ्नमै व्यस्त छन् ।

सत्ता गठबन्धनबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार बनेका नेकपा (माओवादी केन्द्र)का नरेन्द्र कुँवरले घरदैलो अभियान र अगुवा कार्यकता भेटघाटलाई तीव्रता दिएको बताए । उनले भने, ‘घरदैलो र भेटघाटका क्रममा गठबन्धनको आवश्यकताबारे मतदातालाई जानकारी दिने गरेका छौं, उनीहरूको माग र समस्याका बारेमा पनि बुझ्ने गरेका छौं ।’

नेकपा (एमाले)ले पनि घरदैलो अभियान र कार्यकर्ता भेटघाटलाई तीव्रता दिएको छ । संघ र प्रदेशको छुट्टाछुट्टै टोली बनाएर घरदैलो अभियान सञ्चालन गरिएको एमाले बैतडीका सचिव चक्र कार्कीले जानकारी दिए । उनले भने, ‘घरदैलो अभियान अन्तिम चरणमा छ ।’ राप्रपाले पनि जनताको माग र आवश्यकता बुझ्न घरदैलो अभियान सञ्चालन गरेको उक्त पार्टीका जिल्ला अध्यक्ष तथा प्रदेशसभाका समानुपातिक उम्मेदवार इन्द्रदेवशरण भट्टले बताए । उनले भने, ‘तल्लोस्वराड क्षेत्रलाई बढी केन्द्रित गरेर घरदैलो अभियान सञ्चालन गरेका छौं, त्यसपछि अन्य ठाउँमा पनि घरदैलो गर्छौं ।’

राष्ट्रिय स्वतन्त्र पार्टीले पनि घरदैलो अभियानमा व्यस्त रहेको जनाएको छ । उक्त पार्टीका सुदूरपश्चिम सचिव भोजराज जोशीका अनुसार भोट माग्न उम्मेदवारसहित घरदैलो अभियान जारी छ । उनले भने, ‘घरदैलोमै पुगेर उनीहरूका समस्याका बारेमा बुझिरहेका छौं । उनीहरूकै मागका आधारमा हामीले भावी योजना बनाउँछौं ।’

गएको वैशाख ३० गतेको निर्वाचनमा वडाध्यक्षले पाएको मतलाई आधार मान्दा बैतडीमा गठबन्धन बलियो अवस्थामा छ । सत्ता गठबन्धनमा रहेको कांग्रेसको ३३ हजार छ सय ८३, माओवादीको १४ हजार नौ सय ९८, एकीकृत समाजवादीको तीन हजार एक सय ४० मत छ । एमालेको ३५ हजार ४८ र राप्रपाको दुई हजार चार मत छ ।

यसैबीच जिल्ला निर्वाचन कार्यालयले सबै दल र उम्मेदवारलाई निर्वाचन आचारसंहिता पालना गर्न आग्रह गरेको छ । उम्मेदवारलाई चुनावी प्रचारमा जाँदा १० भन्दा बढी झण्डा, २५ भन्दा धेरै व्यक्ति, बाजासहितको भीडभाडमा आयोगले रोक लगाएकाले आचारसंहिताविपरीतका गतिविधि नगर्न आग्रह गरेको छ ।

यसैगरी बैतडीका उम्मेदवारले ३३ लाखसम्म खर्च गर्न पाउने सीमा तोकिएको छ । आयोगले प्रतिनिधिसभाका सदस्य उम्मेदवारले ३३ लाख, प्रदेशसभा-१ का उम्मदेवारले २१ लाख र प्रदेशसभा-२ का उम्मेदवारले २३ लाखसम्म खर्च गर्न पाउने सीमा निर्धारण गरेको हो ।

बैतडीमा प्रतिनिधिसभा सदस्यका लागि तीन स्वतन्त्रसहित ११ जना चुनावी मैदानमा छन् । यस्तै क्षेत्र नं १ ‘क’ मा एक स्वतन्त्रसहित छ जना र क्षेत्र नं १ ‘ख’ मा पाँच जना चुनावी मैदानमा छन् । प्रतिनिधिसभाका लागि एकमात्र क्षेत्र रहेको बैतडीमा एक लाख ५० हजार एक सय ५६ मतदाता छन् । *रासस*

## अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस कम्पनीले चीनबाट पैठारी गरेको देहाएको मालवस्तुको अधिकतम खुद्रा विक्री मूल्य निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

तपसिल

| SN | Description of Goods | Shape /Size | Brand | Model No | Country of Production | Unit | MRP |
|---|---|---|---|---|---|---|---|
| 1 | Range Hood (Chimney) | T-Shape | Smart Touch | S8004 | China | Pcs | 8510 |
| 2 | Range Hood (Chimney) | T-Shape | Smart Touch | HAS9001 | China | Pcs | 7260 |
| 3 | Range Hood (Chimney) | T-Shape | Smart Touch | S9004 | China | Pcs | 8510 |
| 4 | Range Hood (Chimney) | T-Shape | Smart Touch | S6004 | China | Pcs | 8300 |
| 5 | Range Hood (Chimney) | T-Shape | Smart Touch | HS9001B | China | Pcs | 9600 |
| 6 | Range Hood (Chimney | T-Shape | Smart Touch | C9002 | China | Pcs | 10300 |

Importer: Tamu Appliances Supplier
Address: Kapan, Kathmandu
Contact No. 01-4812152
VAT/PAN No. 301360366

## RELIANCE FINANCE LIMITED
## रिलायन्स फाइनान्स लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट “ग” वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वितीय संस्था)

**Head Office:**
B.J. Bhawan, Pradarshani Marg, Kathmandu
Tel: 01-5361104, 5323117, 5361041, 5361167
Email: info@reliancenepal.com.np
URL: www.reliancenepal.com.np

### Unaudited Financial Result (Quarterly) First Quarter End of Fiscal Year 2079/080

(NRs. 000)

### Statement of Financial Position As on Quarter Ended 31st Asoj 2079

| Particulars | This Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| **Assets** | | |
| Cash and cash equivalent | 286,566 | 605,812 |
| Due from Nepal Rastra Bank | 270,550 | 221,570 |
| Placement with Bank and Financial Institutions | - | - |
| Derivative financial instruments | - | - |
| Other trading assets | - | - |
| Loan and advances to B/FIs | 367,699 | 360,692 |
| Loans and advances to customers | 5,325,757 | 5,171,798 |
| Investment securities | 2,450,430 | 2,479,377 |
| Current tax assets | 14,929 | 14,623 |
| Investment in susidiaries | - | - |
| Investment in associates | - | - |
| Investment property | 3,690 | 6,456 |
| Property and equipment | 265,855 | 270,317 |
| Goodwill and Intangible assets | 2,461 | 2,786 |
| Deferred tax assets | 13,999 | 1,147 |
| Other assets | 15,464 | 16,792 |
| **Total Assets** | **9,017,401** | **9,151,370** |
| **Liabilities** | | |
| Due to Bank and Financial Instituions | 115,515 | 206,357 |
| Due to Nepal Rastra Bank | 977,800 | 863,500 |
| Derivative financial instruments | - | - |
| Deposits from customers | 6,565,119 | 6,670,273 |
| Borrowing | - | - |
| Current Tax Liabilities | | |
| Provisions | - | - |
| Deferred tax liabilities | - | - |
| Other liabilities | 94,977 | 92,582 |
| Debt securities issued | - | - |
| Subordinated Liabilities | - | - |
| **Total Liabilities** | **7,753,412** | **7,832,712** |
| **Equity** | | |
| Share capital | 1,053,006 | 1,053,006 |
| Share premium | 1,141 | 1,141 |
| Retained earnings | 25,303 | 42,671 |
| Reserves | 184,539 | 221,839 |
| **Total equity attributable to equity holders** | **1,263,989** | **1,318,658** |
| Non-controlling interest | - | - |
| **Total equity** | **1,263,989** | **1,318,658** |
| **Total Liabilities and equity** | **9,017,401** | **9,151,370** |

### Condensed Statement of Profit or Loss As on Quarter Ended 31st Asoj 2079

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter Ending | Upto This Quarter (YTD) | This Quarter Ending | Upto This Quarter (YTD) |
| Interest income | 223,829 | 223,829 | 165,402 | 165,402 |
| Interest expenses | 190,400 | 190,400 | 96,513 | 96,513 |
| **Net interest income** | **33,429** | **33,429** | **68,888** | **68,888** |
| Fee and commission income | 8,556 | 8,556 | 11,108 | 11,108 |
| Fee and commission expenses | - | - | - | - |
| **Net fee and commission income** | **8,556** | **8,556** | **11,108** | **11,108** |
| **Net interest, fee and commission income** | **41,985** | **41,985** | **79,996** | **79,996** |
| Net trading income | - | - | - | - |
| Other operating income | 1,149 | 1,149 | 4,804 | 4,804 |
| **Total operating income** | **43,134** | **43,134** | **84,800** | **84,800** |
| Impairment charge/(reversal) for loans and other losses | 35,180 | 35,180 | 5,645 | 5,645 |
| **Net operating income** | **7,954** | **7,954** | **79,155** | **79,155** |
| **Operating expenses** | - | - | - | - |
| Personnel expenses | 28,365 | 28,365 | 27,893 | 27,893 |
| Other operating expenses | 18,778 | 18,778 | 16,675 | 16,675 |
| Depreciation & Amortisation | 3,350 | 3,350 | 3,268 | 3,268 |
| **Operating Profit** | **(42,538)** | **(42,538)** | **31,320** | **31,320** |
| Non operating income | - | - | - | - |
| Non operating expenses | - | - | - | - |
| **Profit before income tax** | **(42,538)** | **(42,538)** | **31,320** | **31,320** |
| Income tax expenses | - | - | - | - |
| Current Tax | - | - | 9,396 | 9,396 |
| Deferred Tax | - | - | - | - |
| **Profit for the period** | **(42,538)** | **(42,538)** | **21,924** | **21,924** |

### Condensed Statement of comprehensive income

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter Ending | Upto This Quarter (YTD) | This Quarter Ending | Upto This Quarter (YTD) |
| Profit for the year | (42,538) | (42,538) | 21,924 | 21,924 |
| Other comprehensive income | (58,643) | (58,643) | 21,887 | 21,887 |
| **Total comprehensive income for the period** | **(101,181)** | **(101,181)** | **43,811** | **43,811** |
| Basic earnings per share(Annualized) | (16.16) | (16.16) | 9.58 | 9.58 |
| Diluted earnings per share | | | | |
| **Profit attributable to:** | | | | |
| Equity-Holders of the Bank | (101,181) | (101,181) | 43,811 | 43,811 |
| Non-Controlling Interest | | | | |
| **Total** | **(101,181)** | **(101,181)** | **43,811** | **43,811** |

### Ratios as per NRB Directive

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter Ending | Upto This Quarter (YTD) | This Quarter Ending | Upto This Quarter (YTD) |
| Capital Fund to RWA | | 18.59% | | 21.38% |
| Non-Performing Loan (NPL) to Total Loan | | 3.67% | | 4.56% |
| Total Loan Loss Provision to Total NPL | | 84.52% | | 74.48% |
| Cost of Funds | | 10.23% | | 6.60% |
| Credit to Deposit Ratio | | 85.12% | | 84.24% |
| Base Rate | | 13.29% | | 9.45% |
| Interest Rate Spread | | 4.42% | | 4.89% |

### Statement of Distributable Profit or Loss

| Particulars | Current Year |
|---|---|
| Net profit or (loss)as per statement of profit or loss | (42,538) |
| Appropriations: | - |
| a. General reserve | - |
| b. Foreign exchange fluctuation fund | - |
| c. Capital redemption reserve | - |
| d. Corporate social responsibility fund | 1,184 |
| e. Employee' training fund | - |
| F. Other | - |
| **Profit or (loss) before regulatory adjustment** | **(41,354)** |
| Regulatory adjustment: | |
| Transfer to regulatory reserve | (28,645) |
| Transfer from regulatory reserve | |
| **Distributable profit or (loss)** | **(69,999)** |

**Notes:**
1. The above figures are subject to review/change from regulator and/or external audit.
2. Above Financial are prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) as per NRB Directive.
3. The figures of previous periods have been regrouped/rearranged whenever necessary.
4. If the stautory and supervising authority notifies to change the unaudited Financial statement may change accordingly.
5. Loan loss provision and interest income are adjusted availing the facilities of NRB circular.
6. Interim financial statements have been pulished in website.
7. Certain parts of NFRS will be compiled on preparation of annual financial statements.

### Annexure 14 of Securities Registration and Issue Regulations, 2073 (Related to sub rule (1) of Rule 26) For the First Quarter of F.Y.2079/80)

**1. Financial Statements Highlights**

i. Financial detail at the end of first quarter ending 31/06/2079 of the financial year 2079/80 has been shown above.

ii. Major Financial Indicators

| | | | |
|---|---|---|---|
| Earnings per share (Annualized) | NPR.(16.16) | Market Value Per Share | NPR 305 |
| Price Earnings Ratio | (18.88) | Net Worth Per Share | NPR 120.04 |
| Total Assets/No. of share | 856.35 | Liquidity Ratio | 43.14 |

**2. Management Analysis**

a. **Details relating to the change in the FI's reverse income and liquidity in the quarter (if any) and its main reason.** There has been change in the FI's reserve position, income and liquidity as stated in the financial highlight of first quarter ending of FY 2079-80.There have been changes in the reserve position of the FI based on the profit/loss generated during the reported period. The FI continues to maintain comfortable liquidity position.

b. **Management's analytical details regarding future business plan:** FI's seeks to achieve sustainable growth in business and profitability as per its strategic management plan.

c. **Analytical details of the incidents that may have major impact on reserve, profit or cash flow (if any) based on previous experience:** There have been no incidents or conditions which may have impact on the FI's position, profits and cash flow.

**3. Legal Proceedings**

a. **Case filed by or against the FI in this quarter:** Except in the regular course of business, there is no law suits filed against the FI in this quarter.

b. **Case relating to disobedience of prevailing law or commission of criminal offence filed by or against the promoter or Director of the FI:** No such information has been received.

c. **Case relating to commission of financial crime filed against any promoter or Director of the FI:** No such information has been received.

**4. Analysis of Stock Performance**

a. **Management view on the transaction of the shares to the FI in the Share Market:** Movements in the share price are determined by the open market principal. Hence, management has neutral opinion regarding the share price movement.

b. **Maximum, minimum and last share price of organized institution including total transacted number of share and transacted day during the quarter. (As per Nepalstock.com)**

| | | | |
|---|---|---|---|
| Maximum share price | NPR 389 | Minimum share price | NPR 286.6 |
| Closing share price | NPR 305 | Total no. of transactions | 11,606 |
| No. of days of transaction | 65 | Total traded no. of share | 20,29,366 |

**5. Problem and Challenges**

**Internal Problems and Challenges:** Increasing operational risk due to increase in branch network and transactions, increasing operational cost, turnover of staffs are the major internal problems and challenges faced by the FI.

**External Problems and Challenges:** Effect of the Covid-19,high competition in the BFI's industry, growing excess interest rate on deposit, lack of favorable environment for the investment are the major external problems and challenges faced by the FI.

**Strategy to overcome the problems and challenges:** Expanding business activities with caution observing the changes in internal and external environment, effective risk management, monitoring and controlling on operational risk, market risk and interest rate risk, focus on development of staffs by training, counseling and monitoring them, innovative product for expanding customer base.

**6. Corporate Governance**

Board of Directors, Audit Committee and Management team are committed to strengthening good corporate governance within the FI. Reliance Finance Ltd has written policies, rules and guidelines to perform banking with good governance.

**7. CEO's declaration regarding truth and fairness**

I am responsible for the truth and fairness of the information and statements in this report till date. Besides, I declare that, to the extent of my knowledge, the statements are true and fair and any information necessary for investors to decisions has not been suppressed.

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## निर्वाचनलाई सभ्य र शान्तिपूर्ण बनाऔं

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन आउन अब १७ दिनमात्र बाँकी छ। निर्वाचन आयोग, राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारहरूले निर्वाचनलक्षित प्रचारप्रसारलाई तीव्र बनाइरहेका छन् । यही क्रममा आजदेखि प्रचारप्रसारको दोस्रो चरण सुरु हुँदै छ । निर्वाचन आयोगले आज (कात्तिक १७) देखि आगामी मंसिर १ गतेसम्म निर्वाचन लक्षित आमसभा, कोणसभा, जुलुसलगायत कार्यक्रम गर्न दिने समय तोकेको छ। यससँगै राजनीतिक दल तथा उम्मेदवारहरूले दोस्रो चरणको प्रचारप्रसारका लागि आ-आफ्नो तयारी गरिसकेका छन्, र उनीहरू आजैबाट आमसभा, कोणसभा, जुलुसलगायत कार्यक्रममा केन्द्रित हुँदै छन् ।

देश निर्वाचनमय बन्दै गर्दा आचारसंहिता उल्लंघनका घटनाहरू पनि बढ्दै गएका छन्। निर्वाचन आयोगले लागू गरेको निर्वाचन आचारसंहिता पूर्णरूपमा पालना भइरहेको देखिँदैन । आयोगले आचारसंहिता कार्यान्वयनमा कडाइ गरेको बताइरहे पनि उल्लंघन भएका प्रशस्त उजुरीहरू आइरहेको आयोगकै तथ्यांकमा देखिन्छ । यद्यपि, आयोगले प्राप्त उजुरीहरूका आधारमा दल, उम्मेदवार, शिक्षक, कर्मचारी, संघीय एवं प्रदेश सरकार, स्थानीय तहका जनप्रतिनिधिलगायतलाई स्पष्टीकरण सोध्ने क्रमलाई निरन्तरता दिइरहेको छ।

आयोगका प्रमुख आयुक्त दिनेशकुमार थपलियाका अनुसार आचारसंहिता उल्लंघनका विषयमा परेका उजुरीका आधारमा हालसम्म ७१ व्यक्ति र संस्थालाई सोधिएको स्पष्टीकरणमा जवाफ आउने, तथ्य जुटाउने र अध्ययनको क्रम जारी रहेको छ। आचारसंहिता उल्लंघनका सम्बन्धमा स्पष्टीकरण सोधिए पनि आयोगले अहिलेसम्म कसैलाई कारबाही गरिएको छैन । आजदेखि दल र उम्मेदवारले जुलुस, आमसभा र कोणसभा गर्न पाउने निर्वाचन प्रचारप्रसारको दोस्रो चरणमा प्रवेश हुने भएकाले सो चरणमा निर्वाचनको निष्ठालाई जोगाएर आचारसंहिताको पालना गर्न दल र उम्मेदवारलाई आयोगले आग्रह गरेको छ।

निर्वाचन आचारसंहिता, २०७९ ले राजनीतिक दल, उम्मेदवार, दलको भ्रातृ संगठन तथा सम्बन्धित व्यक्तिले जुलुस, आमसभा, कोणसभा, बैठक, भेला वा निर्वाचन प्रचारप्रसारसम्बन्धी कार्य गर्दा पालना गर्नुपर्ने आचरणको व्यवस्था गरेको छ । यसअनुसार उम्मेदवारको अन्तिम नामावली प्रकाशन भएपछि मतदान हुने दिनभन्दा १७ दिन अघिदेखि मात्र निर्वाचन प्रचारप्रसारअन्तर्गत जुलुस, आमसभा, कोणसभा गर्न र सञ्चारमाध्यममा आफ्नो निर्वाचनसम्बन्धी सामग्री प्रकाशन वा प्रसारण गर्न सकिने व्यवस्था रहेको हुँदा कात्तिक १७ गतेदेखि मंसिर १ गतेसम्म सोहीबमोजिम राजनीतिक दल तथा उम्मेदवारहरूले निर्वाचन प्रचारप्रसार गर्न सक्ने व्यवस्था गरिएको छ।

निर्वाचन (कसूर तथा सजाय) ऐन २०७३ ले निषेध गरेका शान्ति भंग गर्न नहुने, अनधिकृत प्रभावमा पार्न नहुने, नगद वा जिन्सी लिन दिन नहुने, चरित्र हनन गर्न नहुने, अनुचित ढंगले सवारीसाधनको प्रयोग गर्न नहुने, सार्वजनिक सम्पत्तिको दुरूपयोग गर्न नहुने, अन्य व्यक्तिबाट खर्च गराउन नहुने, निर्वाचनको गोपनीयतालाई भंग गर्न नहुनेलगायत ऐनमा भएका व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको आयोगको भनाइ छ ।

प्रचारप्रसारको दोस्रो चरण सुरु भएसँगै आचारसंहिता उल्लंघनका घटना अझ बढ्नसक्छ । त्यसैले आयोग यसप्रति बढी चनाखो हुन जरुरी छ । साथै, आमसभा, जुलुसलगायत कार्यक्रम गर्ने क्रममा झडपसमेत हुने गरेका विगतका निर्वाचनहरूका घटनालाई भुल्नु हुँदैन । त्यस्ता घटना दोहोरिन नदिन सरकारले आवश्यक सुरक्षाको प्रबन्ध गर्न जरुरी छ । गृह मन्त्रालय, सबै सुरक्षा निकाय तथा सरोकारवाला अन्य सबैको ध्यान त्यसतर्फ केन्द्रित होस् । दलहरू पनि निर्वाचन प्रचारका क्रममा संयम हुन जरुरी छ। निर्वाचनको माहोलमा कुनै अप्रिय घटना नघटोस् र कसैले ज्यान गुमाउनुपर्ने अवस्था सिर्जना नहोस् । निर्वाचनलाई सभ्य र शान्तिपूर्ण बनाउन सबै जिम्मेवार बनौं।

## मनन्योग्य

### चाणक्य नीति

कुरा यसरी बिग्रिएको देखी अमात्य शकटार खडा भई भन्न लागे 'महाराज, क्षमा चाहन्छु, मैले त तक्षशिलाका मार्तण्ड विद्वान् व्यक्तित्वलाई दरबारमा ल्याएको हूँ, यी विष्णगप्त हुन् । जसका बुद्धिको चर्चा देश-विदेशमा टाढा-टाढासम्म छ। जसको अर्थशास्त्र विश्वप्रसिद्ध छ र अन्य विषयमा पनि त्यस्तै राजनीतिक प्रकाण्ड विद्वान् । राजा नन्दले चाणक्यपछि फर्केर उपहास गर्दै भने यो शक्तिहीनजस्तो कुरूप व्यक्ति पनि प्रकाण्ड विद्वान मार्तण्ड विद्वान किन ?

राजाले चाणक्यलाई व्यङ्ग्य गरेको देखी सबै दरबारियाले पनि व्यग्य गर्न थाले । सुनिएको थियो- 'ब्राह्मणका रिस डरलाग्दो हुन्छ तर आज साक्षात् देख्ने मौका पायौं' चाणक्यको रिस सीमाबाहिर भयो । उनको शरीर रिसरूपी आगोले काम्न थाल्यो । कमण्डलुवाट जल लिएर हातमा राख्तै टुक्रिएर भने' राजा नन्द । तं सन्, यो ब्राह्मण संकल्प गर्छ जवसम्म नन्दवंशको जरदेखि नाश गर्दैन तबसम्म अन्न खाँदैन र यो टुप्पी तेरो (नन्दको) रगतले नधोएसम्म शिखा पनि पार्दैन (बाँध्दैन) ।

नन्दले आफ्ना सैन्यलाई चाणक्यलाई गिरफ्तार गर्न आदेश दिनुभन्दा अगाडि नै मध्यसभावाट चाँडो-चाँडो पाइला चाल्दै उनी दरबारबाट बाहिरिए । राजा र सबै दरबारिया हेरेका हेर्यै भए ।


यसरी नन्दको दरबारमा प्रतिज्ञा गरेर जसरी शकटारसँग भेट्न आफ्ना पिता कमाए त्यसैगरी उनी पनि गए ।

तिहारको मध्यराती अन्धाकार नष्ट गरिरहेथ्यो । मगधका प्रत्येक घर जग थिए । बूढा, बच्चा, तरुनी वृती सबै अनुभव पनि दुराचारी नन्दको अत्याचार बिसिएर दीपावलीको मानद लिइरहेका थिए ।

विस्तारै विस्तारै थाकेका सबै सुन्न गए । ताराखाली सुन् मात्र थियो या कतै-कतै अन्धारसँग बढ्दै गरेका बती र सुनसान थियो । नीरवतालाई कहीं कुकुरको आवाजले भंग गरिदिन्थ्यो । *क्रमश*

# 'जनता विकल्पको खोजीमा छन्, त्यो विकल्प राप्रपा हुनेमा द्विविधा छैन'

***आगामी मंसिर ४ गते हुने प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचनमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) संवैधानिक राजसंस्था र हिन्दू राष्ट्र पुनःस्थापना, प्रदेश खारेजीलगायतको एजेण्डा लिएर चुनावी अभियानमा छ। राप्रपाले केही निर्वाचन क्षेत्रमा नेकपा एमालेसँग गठबन्धनमा रहेर चुनावी तालमेल गरेको छ। निर्वाचनबाट पहिलेभन्दा धेरै सिटमा विजयी हासिल गर्दै संसद्मा आउने दाबी पनि यो दलको छ। चुनावमा पार्टीका केन्द्रीय प्रवक्ता सगुनसुन्दर लावती पनि उम्मेदवार छन्। उनी गृहजिल्ला पाँचथरको प्रदेश 'ख' का उम्मेदवार हुन्। उनको चुनावी एजेण्डा, निर्वाचनको सम्भावित परिणाम, गठबन्धनलगायत निर्वाचनका विभिन्न सवालमा केन्द्रित रहेर प्रभाव दैनिकले प्रवक्ता लावतीसँग गरेको कुराकानीः***



- **सगुनसुन्दर लावती**
**प्रवक्ता, राष्ट्रिय प्रजातन्त्र पार्टी**
**उम्मेदवार, प्रदेशसभा सदस्य, पाँचथर 'ख'**

**प्रतिनिधिसभा छाडेर प्रदेशसभालाई किन रोज्नुभयो ?**

प्रतिनिधिसभा छाडेको छैन, हाम्रो जिल्ला अध्यक्ष कमलबहादुर चेम्जोङ प्रतिनिधिसभा उम्मेदवार हुनुहुन्छ । समर्थक, शुभेच्छुक, स्थानीय जनता एवं पार्टीका साथीहरूले प्रदेशसभामै उम्मेदवारी दिन सुझाए । अहिलेको सन्दर्भमा देश र जनताको सेवा गर्न प्रदेशसभा उपयुक्त हुने ठानेँ । पाँचथरका अभिभावकको रूपमा जनताको मनमा रहनुभएका अग्रज नेता पद्मसुन्दर लावतीको पदचाप पछ्याउँदै र युवापुस्ताको साथमा, भ्रष्टाचारमुक्त विकसित पाँचथरको लक्ष्य लिएर चुनाव होमिएको छु।

**तपाईं आफू प्रदेशसभा सदस्यको उम्मेदवार भए पनि भित्री रूपमा एमालेका उम्मेदवारलाई समर्थन गर्नुहुन्छ कि भन्ने आशंका पनि देखिन्छ नि ?**

किन यो द्विविधा लिनुभयो, मैले बुझिनँ। विगतमा कांग्रेस, एमाले, माओवादीलाई भोट दिने मतदाताले यसपटक आफ्नो प्राथमिकता परिवर्तन गर्ने देखिन्छ। देशव्यापी यही क्रम अघि बढेको छ। पाँचथरमा पनि यस्तै संकेत र सूचनाहरू प्राप्त भएका छन् । यस अर्थमा विगतमा कसले कति मत प्राप्त गर्‍यो भन्ने आधारमा आगामी निर्वाचनको नतिजा आकलन गर्नु सोह्रै आना गल्ती हुनेछ। भ्रष्टाचार र कुर्सीको लोभमा चुर्लुम्म डुब्ने व्यक्ति र दलबाट जनता वाक्कदिक्क भएका छन् । जनताले राहतको सास फेर्न चाहेका छन् । लोकतन्त्रको नाममा जारी लुटतन्त्रको अन्त्य चाहेका छन् । त्यसैले तपाईं निश्चिन्त भए हुन्छ, जनताको आशीर्वाद मलाई प्राप्त हुनेछ । अर्थात् मेरो जित सुनिश्चित छ ।

**तपाईं पिता पद्मसुन्दर लावतीको पदचापमा अगाडि बढ्ने भन्नुहुन्छ । उहाँ २५ वर्ष पाँचथरे जनताको प्रतिनिधि बन्नुभयो । विकासप्रेमी नेताको छवि उहाँको बन्यो । तर, तपाईंलाई चाहिं किन विश्वास गरिरहेका छैनन् पाँचथरे जनताले ?**

जनताको विश्वास निरन्तर छ, कहाँ र कसरी प्रकट हुने भन्ने कुरा मात्र हो । मैले कतै भ्रष्टाचार गरेको छैन, अनियमितताको भागिदार भएको छैन । कसैलाई दुःख दिने, लुट्ने, मार्ने, ढाँट्ने, छल गर्ने काम गरेका छैन । सादा जीवन उच्च विचारको आदर्शमा सत्य र नैतिकता जीवनको अंग बनाएको छु । वास्तवमा जनताले पद्मसुन्दर लावतीजस्तो नेता र प्रतिनिधि पाँचथरमा जन्मिएन भनेर भन्दै आएका छन्, यो यथार्थ हो ।

स्वर्गीय नेता लावतीका अधुरा काम पूरा गर्ने तपाईं हाम्रो जिम्मेवारी हो । पाँचथरकै हित र प्रगति मध्यजनर गर्दै मैले जिजुबाजे सुब्बा शेरबहादुर लावती र बुबा पद्मसुन्दर लावतीको पदचापलाई पछ्याएको छु । परिश्रम र समर्पणको फल प्रस्फुटन हुने नै छ । पहिलोपटक यस क्षेत्रमा उम्मेदवार बनेको छु, देश विदेशमा रहनुभएका पाँचथरका जनताको पूर्णसाथ र समर्थन मलाई प्राप्त हुनेछ । यही आधारमा चुनावी दौडमा म सफल हुनेछु ।

**चुनाव अघिपछि मात्रै जिल्ला पुग्ने नेतालाई जनताले विश्वास कसरी गर्लान् ?**

मैले केन्द्र र जिल्लामा बराबर आफ्नो जिम्मेवारी पूरा गर्ने गरेको छु । देशभित्र मात्र होइन, अन्तर र्राष्ट्रियस्तरमासमेत मेरो सक्रियता रहने गरेको छ । पाँचथरका जनताले यी सब कुरा नजिकबाट नियालेका छन् । सबै यथार्थबारे जानकार छन् । यसर्थ वर्तमान सन्दर्भ र भविष्यका लागिसमेत आशावादी छन् ।

**चुनावी एजेण्डाचाहिं के-के छन् तपाईंका ?**

सुशासन प्रजातन्त्रको अपरिहार्य पक्ष हो । सुशासनका लागि भ्रष्टाचारको अन्त्य पहिलो सर्त हो । सुशासनको अभावमा विधिको अवमूल्यनमा प्रजातन्त्र संकटमा छ । त्यसकारण सुशासन कायम राख्न र भ्रष्टाचार अन्त्य गर्न राप्रपा पूर्ण प्रतिबद्ध छ।

राँके-रवि-भेडेटार सडक पाँचथरको सबैभन्दा पुरानो सडक संरचना हो तर, सबैभन्दा कहालीलाग्दो अवस्थामा छ । विगतका जनप्रतिनिधिहरूले विकास निर्माणको धज्जी उडाए, नेताहरूले कमिसन र घुसखोरी जीवनको अंग बनाए । यो अवस्थाको हामी अन्त्य गर्छौं । राप्रपाको पहलमा सुरु भएको राँके-रवि-भेडेटार सडकले राप्रपालाई नै पर्खेको छ भन्ने जनस्तरको बोली छ । जनताको अपेक्षाबमोजिम यो सडकको निर्माण र स्तरोन्नतिका लागि हामी क्रियाशील रहनेछौं। गुणस्तरीय स्वास्थ्य सेवा ग्रामीण तहसम्म पुर्‍याउनेछौं । गुणस्तरीय शिक्षा ध्यानमा राखेर बूढानीलकण्ठ स्कूलजस्तो विद्यालय प्रदेशमा सञ्चालनमा ल्याउनेछौं ।

दीर्घकालीनरूपमा युवाको सीप विकास र रोजगारका लागि नीतिगत हस्तक्षेप र कार्यक्रमहरू सञ्चालन गर्नेछौं। विदेशमा रहेका नेपाली युवाहरूको मुलुकको अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान छ। तथापि, उहाँहरूको नोट चल्ने, भोट नचल्ने अवस्था छ । यो अवस्थालाई चिर्दै प्रवासमा रहेका नागरिकहरूको मताधिकार हामी सुनिश्चित गर्नेछौं ।

**यी एजेण्डाहरूसहित जनताकहाँ जाँदा चुनाव जित्नेगरी मत पाउनुहुन्छ त ?**

अहिले जनताको मन र प्राथमिकता बदलिएको छ । विगत २०-३० वर्ष सिन्को नभाँच्ने दलबाट जनता आजित छन् । सत्ता स्वार्थमा रमाउने दलहरूभित्र अन्तरकलह छ, चरम अन्तरविरोध छ । त्यसैले यसपालि दूरगामी प्रभाव पार्ने नयाँ नतिजा प्राप्त हुनेछ। हाम्रो विजय हुने कुरामा ढुक्क छौं ।

**पाँचथरमा राप्रपा एउटा स्थानीय तहको वडा त एक्लै जित्ने हैसियतमा छैन, अनि तपाईंको जित कसरी होला र ?**

यो प्रश्न त चार, पाँचवटा दलको गठबन्धन बनाएर चुनावमा जाने दलहरूलाई सोध्नु बढी सान्दर्भिक हुन्छ होला । फेरि, विगतमा कुन दलले कति मत ल्यायो भन्दा पनि नयाँ नेपाल, समृद्धि र समावेशीकरणको मिठाइ बाँडेर विगतमा ज-जसले जनता झुक्याए तिनीहरू दण्डित हुने समय आएको छ ।

